# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारी, चितवन
बागमती प्रदेश, नेपाल

प.सं २०८१/०८२
च.नं १४

मिति२०८१।०४।०६

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
राप्ती नगरपालिका, चितवन ।

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय भरतपुरको च.नं. १०३ मिति २०८१।०४।०६ को पत्र साथ प्राप्त पत्रानुसार सामाजिक सुरक्षा सम्बन्धी सेवा प्रदान गर्न हाललाई राष्ट्रिय परिचय पत्र अनिवार्य नगर्ने भनि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१।०३।२७ मा निर्णय भएकोले उक्त निर्णयको छायाँकपी यसैसाथ संलग्न गरी आवश्यक व्यवस्थाका लागि पठाएको व्यहोरा अनुरोध गरिन्छ ।

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

☎:०५६-५५००१५ । इमेल : rraptimunicipality42@gmail.com | वेवसाइट : www.raptimun.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

☎ ०५६ { ४९०८४४ ४९०१४५ ४९०२४५
Email: daochitwan1@gmail.com, daochitwan@moha.gov.np
Web: https://daochitwan.moha.gov.np

प.सं. २०८१।८२
च.नं. 903

मिति २०८१।०४।०६
नेपाल सम्वत ११४४ दिल्लाथ्य, १५ आइतबार

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री चितवन जिल्लास्थित स्थानीय तहहरु (सबै)

प्रस्तुत विषयमा गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा), सिंहदरबार, काठमाडौंको च.नं. २४, मिति २०८१।०४।०४ गतेको पत्रको छायाँप्रति यसैसाथ संलग्न छ । पत्रमा उल्लेख भए बमोजिम सामाजिक सुरक्षा सम्बन्धी सेवा प्रदान गर्न हाललाई राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्ने सम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१।०३।२७ को निर्णय कार्यान्वयनका लागि लेखि आएको हुँदा उक्त निर्णय आवश्यक जानकारी एवं कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

२०८१।०४।०६
प्र. प्रमुख जिल्ला अधिकारी

दर्ता 62
मिति २०८१।०४।०६
राप्ती नगरपालिका

श्री प्रशासन शाखा / IT Section
कार्य गर्नी सम्बन्धित सबै वडा कार्यालयहरुमा
पत्राचार गरिदिने ।
२०८१।४।०६

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- शा.सु. ०८१/०८२/०८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- 14

मिति: २०८१/०४/०४
ने.सं. ११४४ दिल्लाथ्व १३

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

विषय:- निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. म.बै./३२१/४०, मिति २०८१/०३/२७ को पत्रबाट सामाजिक सुरक्षासम्बन्धी सेवा प्रदान गर्न हाललाई राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्ने सम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०३/२७ को देहायको निर्णय कार्यान्वयनका लागि लेखिआएको हुँदा उक्त निर्णय आवश्यक जानकारी एवं कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

देहाय:

"नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१/०२/२४ मा सामाजिक सुरक्षासम्बन्धी सेवा प्रदान गर्न राष्ट्रिय परिचयपत्र (NID) अनिवार्य गर्ने निर्णय भई २०८१ साल असार १० गतेको नेपाल राजपत्रमा सूचना प्रकाशन भएकोमा देशभर निरन्तर परेको वर्षाका कारण ठाउँ ठाउँमा बाढी, पहिरो र विपद्को अवस्था सिर्जना हुन गई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र बनाउन असहज हुन गएकाले उक्त प्रयोजनका लागि हाललाई राष्ट्रिय परिचयपत्र (NID) अनिवार्य नगर्न गृह मन्त्रालयलाई निर्देशन दिने।"

(दिपेश बिडारी)
शाखा अधिकृत